जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily

राष्ट्रिय दैनिक

वर्ष ५ | अंक ०३३ | २०८२ साल भदौ ३० गते सोमवार | Monday-15-September-2025 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## जेनजी पुस्ताको आन्दोलनमा विश्रामपुर गाउँपालिकाको

# लेखा शाखा सहित पुर्ण रूपमा ध्वस्त

***शु.आ. सम्बाददाता***
***कलैया, २८ भाद्र***

जेनजी प्रदर्शनकारीहरुले गत भदौ २४ गते बाराको विश्रामपुर गाउँपालिका कार्यालयमा गरेको व्यापक तोडफोड, लुटपाट र आगजनीबाट करोडौंको क्षति भएको छ भने कार्यालयको महत्वपूर्ण कागजातहरु समेत जलेर खरानी भएको छ।

प्रदर्शनकारीहरुले विश्रामपुर गाउँपालिका अध्यक्ष जुल्फकार अलि भुटो , प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्ष , लेखा शाखाको सहित बिभिन्न शाखामा आगो लगाई सोफा, कुर्सी, टेबल लगाएतका सम्पूर्ण सामानहरू जलाइदिएका छन्।

आगजनीबाट गाउँपालिकाको कार्यालय सहित लेखा शाखाको सम्पुर्ण कोठामा ध्वस्त पार्नुको साथै कागजातहरु नष्ट गरेका छन्। भने अन्य कागजातहरु जलाई आवश्यक समान लुटेर गरेका छन्।

आगलागीबाट गाउँपलिकाको भवनमा समेत व्यापक क्षति भएको छ। भने लेखा शाखाको आवश्यक उपकरण सहित कागजातहरु नष्ट गरेका छन्।



स्थानीयका अनुसार प्रदर्शनकारीहरुले आगो लगाउनु अघि

लेखा शाखा अन्य शाखाहरूमा राखिएको कम्प्युटर, ल्याप्टप, प्रिन्टर जस्ता सामानहरू लुटेर लगेका थिए । लुटपाट पछि उनीहरूले आगो लगाउन सुरु गरेका थिए । केही सामानहरु बाहिर निकालेर आगो लगाएका थिए भने बाँचेका केही सामानहरु कोठा मै आगो लगाएर नष्ट गरेका थिए।

अन्य शाखाहरूमा समेत उनीहरूले व्यापक तोडफोड र लुटपाट गरेका छन् । आगजनीबाट कार्यालय भवनमा ठूलो मात्रामा क्षति भएको पाइएको छ । प्रदर्शनकारीहरुले ढुंगामुढा गरी कार्यालयको सबै सिसा फुटाइदिएको छ भने भित्र तोडफोड गरी व्यापक क्षति पुर्याएका छन् । उनीहरूले आगजनी गरी गाउँपालिकाको करोडौं क्षति गरेका छन्।

भवनको मर्मत सम्भार गर्न समय लाग्ने छ भने मर्मत सम्भार नगरी सेवा सुचारु नै नहुने अवस्था छ। व्यापक तोडफोड, लुटपाट र आगजनीबाट क्षतविक्षत तथा तहसनहस भएका विश्रामपुर

*बाँकी तेश्रो पृष्ठमा*

स्थानीय सरकार

**फतुवा बिजयपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**लक्ष्मिनियाँ ( दो.) रौतहट**
**मधेश प्रदेश, नेपाल**

मिति: २०८२/०५/२९

**सुचना !** **सुचना !!** **सुचना !!!**

उपरोक्त सम्बन्धमा देशैभर चलेको **Genz** प्रदर्शनको क्रममा यस फतुवा बिजयपुर नगरपालिकामा **Genz** प्रदर्शनकारीको रुपमा केही अज्ञात व्यक्तिहरु बाट लुटपिट गरी वा संरक्षणका लागि केही सम्मानहरु यसपालिका बाट लगेको हुदा सो समानहरु उक्त अज्ञात व्यक्तिले यस फतुवा बिजयपुर नगरपालिकाको नजिकको प्रहरी कार्यालयमा ७२ घण्टा (३ दिन) भित्र बुझाई दिनु हुन यसै पत्र साथ अनुरोध गरिन्छ र उक्त समानहरु लुटपाट गर्ने व्यक्तिलाई देखेमा यस फतुवा बिजयपुर नगरपालिकालाई जानकारी गराई दिनु हुन हार्दिक अनुरोध गरिन्छ।

सम्पर्क व्यक्ति : **हरेन्द्र राय यादव ( अधिकृत छैठो)**

मोबाईल नम्बर : ९८५५०४०१०२

ठेगाना :-फतुवा बिजयपुर नगरपालिका

नोट : यस नगरपालिकाबाट समान लगेको बिभिन्न समाजिक सञ्जालहरुमा देखिएको छ साथै उक्त समानहरु नबुझाएमा कानुन बमोजिम कार्यवाही गर्ने व्यहोरा जानकारी गराईन्छ।

**बोधार्थ**

श्री जिल्ला प्रहरी कार्यालय गौर रौतहट।

श्री ईलाका प्रहरी कार्यालय लक्ष्मीनिया बिजयपुर मातहत सबै - फतुवा बिजयपुर नगरपालिका रौतहट।

भरत प्रसाद यादव
प्रमुख प्रशासकीय अधिकृत

# शहीदहरुको सम्मानमा गौरमा जसपा द्वारा श्रद्धाञ्जली मनाइयो

***शु. आ सम्बाददाता***
***रौतहट, २८ भाद्र***

जनता समाजवादी पार्टी नेपालको आयोजनामा आइतबार बेलुका सदरमुकाम गौरस्थित ऐतिहासिक मधेसी क्रान्ति चोकमा "जेन-जेड" आन्दोलनका शहीदहरूलाई हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै एक भव्य सभा सम्पन्न भएको छ। आइतबार बेलुका ७:०० बजेदेखि सुरु भएको उक्त श्रद्धाञ्जली सभामा जसपाका नेता तथा कार्यकर्ताहरू, नागरिक समाजका अगुवाहरू, स्थानीय बासिन्दाहरू र शहीद परिवारका सदस्यहरूको समेत उल्लेख्य सहभागिता रहेको थियो।



शहीदहरूको त्याग र बलिदानको स्मरणमा आयोजित यस कार्यक्रममा सहभागीहरूले मैनबत्ती बालेर, पुष्पगुच्छा अर्पण गरेर र मौन धारण गरेर शहीदहरूलाई सम्मान गरेका थिए । चोकको वातावरण शोकमय बनेको थियो, जहाँ हरेक उपस्थित व्यक्तिको आँखामा शहीदहरूप्रति श्रद्धा र सम्मान स्पष्ट देखिन्थ्यो। सभालाई सम्बोधन गर्दै जसपाका पुर्व जिल्ला अध्यक्ष श्याम यादवले "जेन-जेड" आन्दोलनलाई देशमा सामाजिक न्याय र राजनीतिक परिवर्तनको लागि भएको एक महत्वपूर्ण जनआन्दोलनको संज्ञा दिए। उनले भने, "हाम्रो युवा पुस्ताले देखेको समृद्ध र न्यायपूर्ण नेपालको सपनालाई साकार पार्न जे-जेड आन्दोलनका युवा शहीदहरूले आफ्नो जीवन उत्सर्ग गरेका छन्। उनीहरूको बलिदान हामीले कहिल्यै बिर्सने छैनौं।" यादवले शहीदहरूको सपनालाई पूरा गर्न पार्टी सदैव प्रतिबद्ध रहने कुरामा जोड दिए। जसपाका जिल्ला अध्यक्ष रामबाबु यादवलगायतका वक्ताहरूले पनि सभालाई सम्बोधन गर्दै शहीदहरूको योगदानको चर्चा गरे। उनीहरूले शहीदहरूले देखाएको बाटोमा हिँड्दै मुलुकको विकास र समृद्धिका लागि काम गर्नुपर्नेमा जोड दिए। वक्ताहरूले शहीदका परिवारलाई उचित सम्मान र सहयोग प्रदान गर्न राज्य तथा राजनीतिक दलहरूले ध्यान दिनुपर्ने आवश्यकता पनि औंल्याए।


कार्यक्रमको अन्त्यमा, कार्यक्रमका आयोजक तथा सहभागीहरूले शहीदको सम्झनामा नारा लगाएका थिए । कार्यक्रममा मधेसी क्रान्ति चोकको चारैतिर ठूला ब्यानर र पोस्टर राखिएका थिए, जसमा शहीदहरूको तस्बिरसहित "शहीद अमर रहुन्" र "शहीदको सपना पूरा गरौं" जस्ता नारा लेखिएका थिए।यो श्रद्धाञ्जली सभाले "जेन-जेड" आन्दोलनको महत्व र शहीदहरूको बलिदानलाई पुनः स्थापित गरेको छ भने रौतहटका जनतामा राजनीतिक जागरण र शहीदहरूप्रति सम्मानको भावना अझ बलियो बनाएको छ।

# रौतहटमा 'सुटकेस काण्डले दियो तनावः सुटकेसभित्र पुरानो जुत्ता मात्रै भेटियो

***शु. आ. सम्बाददाता***
***रौतहट, २८ भाद्र***

जिल्लाको उत्तरी भेगमा अवस्थित चन्द्रपुर नगरपालिका ६ मोथियाही स्थित पुल नजिकै शनिबार साँझ फेला परेको एक बन्द सुटकेसले स्थानीय बासिन्दामा ठूलो त्रास र कौतूहल पैदा गरेको थियो। हालै गौरमा सुटकेसभित्र एक महिलाको शव फेला परेको घटनाको सम्झनाले गर्दा स्थानीयहरू थप सशंकित बनेका थिए। तर, पछि सुरक्षाकर्मीको उपस्थितिमा सुटकेस खोल्दा त्यसभित्र केही पुराना जुत्ताबाहेक अन्य केही नभएको पुष्टि भएपछि सबैले राहतको सास फेरे।

घटना साँझ करिब ६ बजेको हो । बाटोमा हिँडिरहेका केही व्यक्तिले मोथियाही पुलको छेउमा बेवारिसे अवस्थामा एउटा कालो सुटकेस देखेका थिए। सुटकेस बन्द अवस्थामा रहेको र त्यसको बाहिरी भागमा कुनै ठेगाना वा परिचय खुल्ने विवरण नभएपछि उनीहरूले तत्कालै प्रहरीलाई खबर गरेका थिए। केही समयमै यो खबर गाउँभरि फैलिएको थियो र घटनास्थलमा ठूलो संख्यामा स्थानीय बासिन्दाको भीड लागेको थियो। सबैको अनुहारमा डर र उत्सुकताको मिश्रित भाव देखिन्थ्यो । केही दिनअघि मात्रै सदरमुकाम गौरमा एउटा सुटकेसभित्र शव फेला परेको घटनाले सबैलाई झस्काएको थियो, जसले गर्दा यो नयाँ घटनालाई पनि उनीहरूले त्यही घटनासँग जोडेर हेरिरहेका थिए। यसले गर्दा घटनास्थलमा तनावको वातावरण सिर्जना भएको थियो।



लगत्तै, इलाका प्रहरी कार्यालय चन्द्रपुरबाट प्रहरी निरीक्षकको नेतृत्वमा सुरक्षाकर्मीको टोली घटनास्थलमा पुगेको थियो। प्रहरीले सुरुमा सुटकेसको चारैतिर निरीक्षण गर्यो र त्यसपछि सावधानीपूर्वक सुटकेस खोल्न थाल्यो। स्थानीयहरूको बाक्लो भीडका कारण सुटकेस खोल्ने कार्य निकै संवेदनशील बनेको थियो। सुरक्षाकर्मीले जब सुटकेसको ताला खोलेर ढक्कन उठाए, तब सबैले ठूलो स्वरमा राहतको सास फेरे । सुटकेसभित्र कुनै शंकास्पद वस्तु वा मानव अवशेष नभई केही जोर पुराना र थोत्रा जुत्ता मात्रै राखिएको थियो। यो देखेर घटनास्थलमा उपस्थित सबैको मनमा रहेको त्रास हटेको थियो । यस घटनाबारे इलाका प्रहरी कार्यालय चन्द्रपुरका प्रहरी निरीक्षकले भने, "हामीलाई बेवारिसे सुटकेस भेटिएको भन्ने खबर आएलगत्तै हामी घटनास्थल पुग्यौं। सुटकेसभित्र कुनै आपत्तिजनक वस्तु नभई केही पुराना जुत्ता मात्र भेटियो। यसले केही समयका लागि उत्पन्न भएको त्रासलाई अन्त्य गर्यो ।" उनले स्थानीयलाई यस्ता घटनामा हतारमा कुनै निष्कर्षमा नपुग्न र तत्कालै प्रहरीलाई खबर गर्न आग्रह समेत गरेका छन्।

यो घटनाले सामाजिक सञ्जालमा पनि चर्चा पाएको थियो, जहाँ मानिसहरूले विभिन्न अड्कलबाजी गरिरहेका थिए । तर, प्रहरीको सक्रियता र समयमै गरिएको अनुसन्धानले गर्दा कुनै अप्रिय घटना हुन पाएन । यस घटनाले समाजमा फैलिरहेको नकारात्मक मनोविज्ञान र त्रासलाई पनि उजागर गरेको छ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - विश्रामपुर गाउँपालिका, बारा

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्युटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय...........

# आत्महत्याको डरलाग्दो स्थिति

आत्महत्याविरुद्धको विश्व दिवस हालै मनाइएको छ । आत्महत्या गर्नबाट रोकथाम गर्ने उपायको खोजी गर्दै सचेतना फैलाउने उद्देश्यले यो दिवस मनाइँदै आएको छ । नेपालमा दैनिक १६ जनाले आत्महत्याका कारण ज्यान गुमाइरहेका छन् । एक वर्षको तथ्याङ्कअनुसार बर्सेनि छ हजार मानिसले आत्महत्या गर्ने गरेका छन् । यो सत्त्या वैदेशिक रोजगारीका क्रममा विदेशमा हुने मृत्युको करिब छ गुणा वा सडक दुर्घटनाबाट वार्षिकरूपमा हुने दुर्घटनाको दोब्बरभन्दा बढी हो । आत्महत्या विश्वब्यापी समस्या बन्दै गइरहेको परिप्रेक्ष्यमा नेपालमा सबैभन्दा बढी विष सेवन र झुन्डिएर आत्महत्या गर्ने गरेका छन् । विश्व स्वास्थ्य सङ्गठनका अनुसार बर्सेनि ८ देखि १० लाख मानिसले आत्महत्याको बाटो रोजिरहेका छन् । आत्महत्या गर्नेमा नेपाल विश्वमा सातौँ स्थानमा पर्छ भने महिलामा तेस्रो । हरेक वर्ष विश्व स्वास्थ्य सङ्गठनलगायतका संस्थाले विभिन्न कार्यक्रम गर्दै आए पनि आत्महत्या रोकथाम न्यूनीकरण हुन सकिरहेको छैन ।

विश्वमा हरेक ४० सेकेन्डमा एक जनाले आत्महत्याकै कारण ज्यान गुमाइरहेका छन् । र, प्रत्येक तीन सेकेन्डमा एक जनाले आत्महत्याको प्रयास गर्ने गरिरहेका छन् । आत्महत्यासँग डरलाग्दो तथ्याङ्क सार्वजनिक भइरहँदा मुख्य कारणचाहिँ डिप्रेसन भएको चिकित्सकहरूको ठहर छ । विभिन्न किसिमका हिंसा, पारिवारिक कलह र आर्थिक समस्या डिप्रेसन बढ्नुको कारक मानिएको छ । डिप्रेसन बढ्दै जाँदा आत्महत्याको रूप लिने गरेको छ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार प्रत्येक पाँचमध्ये एक जनामा कुनै न कुनै प्रकारको मानसिक रोग हुन्छ भने आधाभन्दा बढीलाई उपचारसम्बन्धी चेतना नै छैन । सामाजिक विभेद र रोग नस्वीकार्ने प्रवृत्तिले धेरै मानिस उपचारको पहुँचमा नरहेको तथ्याङ्कले देखाएको छ । प्रहरीले देशभरि आत्महत्याबाट ज्यान गुमाउनेको आँकडा सार्वजनिक गर्दा हरेक दिन औसत १५ जनाले आत्महत्या प्रयास गर्ने गरेको पाइएको छ । नेपाली समाजमा आत्महत्याको प्रवृत्ति बढेर गएको छ । बर्सेनि हजारौँ मानिस कुबाटोतर्फ आकर्षित भइरहेको विषयमा सूक्ष्म अध्ययन गर्नुपर्ने भएको छ । आत्महत्या डरलाग्दो सामाजिक समस्या बनिरहँदा राज्यले नागरिकका लागि गर्नुपर्ने दायित्व निर्वाह गर्न सकिरहेको छैन ।

मनोचिकित्सकहरू ब्यक्तिको मानसिक मनोदशालाई आत्महत्याको कारक मान्छन् । मानिस मनोवैज्ञानिकरूपमा कमजोर हुँदै जाँदा चरम निराशामा पुगेर आत्महत्याको बाटो रोज्छन् भन्ने निष्कर्ष निकाल्छन् । आत्महत्यालाई डिप्रेसन वा मानसिक तनावसँग मात्रै जोडेर हेर्नु सर्वथा उचित नहुन सक्छ । आत्महत्याका पछाडि एउटा ब्यक्तिको मानसिक मनोदशासँगै थुप्रै सामाजिक र आर्थिक पक्ष पनि जिम्मेवार हुन्छन् । मानिसले उच्च महत्वाकाङ्क्षा पूरा गर्न नसक्दा, प्रेम, अध्ययनमा असफल हुँदा, पारिवारिक सम्बन्धमा तिक्तता आउँदा, आर्थिक अभावजस्ता कारण निराशा उत्पन्न भई आत्महत्या रोज्न पुगेका हुन सक्छन् । बच्चालाई पेटभरि खान दिन नसक्दा अभिभावकले बालबच्चासहित आत्महत्या गरेका कैयन् उदाहरण छन् । नेपाली समाजमा आत्महत्या विकराल सामाजिक समस्या बनिरहँदा यसलाई ब्यक्तिको मानसिक समस्याको रूपमा बुझ्नु अन्याय हुनजान्छ । प्रतिस्पर्धात्मक समाजमा आधुनिक जीवनशैलीमा चल्न नसक्दासमेत कतिपयले आत्महत्या गर्ने निर्णयमा पुगेको देखिन्छ । आत्महत्यालाई आपराधिक ढङ्गले हेर्ने सामाजिक दृष्टिकोणमा परिवर्तन आउन नसक्दा पनि यो ठूलो समस्या बन्दै गएको छ । राज्यले यसलाई सामाजिक समस्याका रूपमा लिएर समाजमा जनचेतना बढाउने कार्यक्रम ल्याउनु जरुरी देखिन्छ ।

# अब के गर्ने जेन-जीले ?



राजेश विद्रोही

नेपालको वर्तमान राजनीतिक परिस्थिति एकदमै जटिल मोडमा आइपुगेको छ। पुराना दलहरूको असफलता, बढ्दो भ्रष्टाचार, विदेशी हस्तक्षेप, शासन प्रणालीमा देखिएको अविश्वसनीयता, सुरक्षामा भएको कमजोरी र जनतामा झनै बढ्दो आक्रोशले गर्दा जेन-जी विद्रोह केवल असन्तुष्टि अभिव्यक्त गर्ने आन्दोलन मात्र नभई एक ऐतिहासिक मोडको रूप लिएको छ। अहिलेको अवस्थामा जेन-जीहरूले कुन बाटो लिन्छन् भन्ने प्रश्न मात्र उनीहरूको भविष्य होइन, देशको भविष्यसँग प्रत्यक्ष सम्बन्धित छ। जनताले दशकौंसम्म धैर्य गरेर पर्खेको परिवर्तन र स्थायित्व अझै सम्भव भएको छैन। शासनमा न त जवाफदेहिताको संस्कार छ, न त पारदर्शिता। बरु भ्रष्टाचार र असमानता गहिरिँदै गएको छ। यस्तो स्थितिमा जेन-जी पुस्ताले विद्रोहमार्फत देशलाई नयाँ बाटोतर्फ धकेल्ने अवसर पाएको छ। तर प्रश्न यहीँ खडा हुन्छ– अब जेन-जीले के गर्ने ?

नयाँ सरकारसँग सम्भावना मात्रै पर्याप्त छैन, चुनौती पनि उत्तिकै छन्- पुराना दलको चलखेल र विदेशी हस्तक्षेप आदि।

देशले पछिल्ला केही वर्षमा ठूलो आर्थिक क्षति बेहोरेको छ। राजनीतिक अस्थिरता, निरन्तरको सत्ता-खेल र अविश्वासपूर्ण वातावरणले गर्दा विकास कार्य अवरुद्ध भएको छ। नयाँ निर्वाचन गर्ने प्रक्रिया सुरु भए पनि त्यसले झन् ठूलो खर्च थप्नेछ। कम्तीमा ६ महिना चुनावी तयारीमै बित्ने देखिन्छ। त्यो अवधिमा विदेशी शक्ति, दूतावास र रणनीतिक स्वार्थ राख्ने शक्ति बढी सक्रिय हुनेछन्। यसले नेपालको राजनीतिक स्वाधीनतालाई अझ खतरामा पार्न सक्छ। त्यसैले तत्काल समाधानका लागि व्यावहारिक, यथार्थपरक र दीर्घकालीन दृष्टिकोणसहितको बाटो खोज्नु जरुरी छ।

जेन-जी विद्रोहले अहिले संसद्लाई विघटन गरेको छ। विगतमा राजा महेन्द्रदेखि पूर्वप्रधानमन्त्री केपी ओलीसम्मले संसद्लाई असंवैधानिक ढंगले विघटन गरेका थिए भने यसपटक जनविद्रोहकै आधारमा संसद् विघटन भएको छ। यसले यो विघटनलाई प्रतिगामी नभई जनआन्दोलनको स्वाभाविक परिणाम बनाएको छ। तर, संसद्लाई जोगाएर पनि जेन-जीले आफ्नो जनादेशअनुरूप काम गर्न सकिन्छ भन्ने धारणा राख्नेहरू छन्। यद्यपि, त्यसमा ठूलो जोखिम छ। त्यसो भएको भए पुराना दलहरूले फेरि आफ्नो स्वार्थका लागि संसद् प्रयोग गर्ने सम्भावना प्रबल हुन्थ्यो। उनीहरूले बहुमतको दाबी गर्ने, गठबन्धन बनाउने र सत्ताको खेलमा लाग्ने अवसर पाउनेथिए। आन्दोलनको मूल उद्देश्य नष्प्रभावी बन्ने खतरा हुन्थ्यो। त्यसैले संसद् विघटन गरेर अन्तरिम सरकार गठन गरेकाले अब यो समस्या हुनेछैन। अब पुनर्निर्माण र निर्वाचनको तयारी गर्नु अपरिहार्य छ।

अन्तरिम सरकार ठूलो नभई सानो तर प्रभावकारी हुनु आवश्यक छ। कम्तीमा नौदेखि एघार जनासम्मको टोली बनाई त्यसलाई तीनवटा स्पष्ट जिम्मेवारी दिनुपर्छ– पहिलो, सुरक्षाको व्यवस्थापन र सामान्यीकरण, दोस्रो, भ्रष्टाचार र अवैध सम्पत्ति छानबिन गर्न शक्तिशाली आयोगको गठन र तेस्रो, नयाँ निर्वाचनको तयारी र सत्ता हस्तान्तरण। यी सबै काम छ महिनाभित्र सम्पन्न गर्न सम्भव देखिन्न तर बनाउने जिम्मेवारी अन्तरिम सरकारलाई छ। कम्तीमा दुई वर्षको समय लाग्ने देखिन्छ। किनकि, विगतको तुलनामा यसपटकको विध्वंस बढी भएको छ। त्यसैले छोटो अवधिमा हतार गर्ने हो भने पुनः अराजकता जन्मिन सक्छ।

कम्तीमा ६ महिना चुनावी तयारीमै बित्ने देखिन्छ। त्यो अवधिमा विदेशी शक्ति, दूतावास र रणनीतिक स्वार्थ राख्ने शक्ति बढी सक्रिय हुनेछन्। यसले नेपालको राजनीतिक स्वाधीनतालाई अझ खतरामा पार्न सक्छ।

जेन-जी आन्दोलनले सही तरिकाले नेतृत्व गर्न सके नेपालको राजनीति नयाँ मोडमा प्रवेश गर्नेछ। पुराना दलहरूले नष्ट पारेको विश्वासलाई पुनःस्थापित गर्ने, भ्रष्टाचार नियन्त्रण गर्ने, नागरिकलाई शासनप्रति भरोसा जगाउने र नयाँ पुस्ताको नेतृत्व क्षमता देखाउने ठूलो अवसर अहिले उपलब्ध छ। यस्ता अवसर प्रत्येक पुस्तामा आउँदैनन्, यसलाई उपयोग गर्न नसक्ने हो भने भावी पुस्ताको समेत भविष्य डुब्नेछ। सम्भावनाका ढोका लुकेका छन्– देशमा नयाँ राजनीतिक संस्कार र संस्कृतिको स्थापना, भ्रष्ट नेताहरूको सम्पत्ति छानबिन र अवैध सम्पत्ति जफत, राष्ट्रिय अखण्डता तथा सार्वभौमसत्तालाई आधार मानेर पुनर्संरचना एवं संविधान संशोधनमार्फत स्थानीय तहलाई दलविहीन बनाउने तथा प्रत्यक्ष कार्यकारी प्रधानमन्त्रीको निर्वाचन प्रणाली ल्याउने सम्भावना छ। यी सम्भावनालाई उपयोग गरियो भने नेपालमा दीर्घकालीन स्थिरता र समृद्धिको बाटो खुल्नेछ।

तर, सम्भावना मात्रै पर्याप्त छैन। चुनौतीहरू पनि उतिकै छन्। पुराना दलहरूको गहिरो संगठनात्मक जाल तोड्न कठिन छ। गाउँ-गाउँसम्म उनीहरूको संरचना अझै बलियो छ। जसले नयाँ चुनावमा पुनः उनीहरूलाई सत्ता कब्जा गर्न सहज बनाउँछ। विदेशी हस्तक्षेप अर्को ठूलो चुनौती हो। नेपालको भौगोलिक अवस्था, भारत-चीनबीचको संवेदनशील स्थिति र अन्तर्राष्ट्रिय शक्तिहरूको रणनीतिक स्वार्थले गर्दा नेपालमा विदेशी शक्ति सधैं सक्रिय रहन्छन्। यदि हामी असंगठित भयौं भने शान्ति सेनाको नाममा विदेशी सेना भित्रिने जोखिम बढ्छ। जेन-जी आन्दोलनभित्रको विभाजनले अर्को ठूलो समस्या निम्त्याउँछ। आन्तरिक फुट आयो भने पुराना दलहरूले सजिलै अवसर पाउनेछन्, र आन्दोलन कमजोर बन्नेछ। त्यस्तै, नयाँ आन्दोलनमा पुराना नेताहरूले प्रवेश पाए भने मूल एजेन्डा नै बिग्रने सम्भावना छ। सुरक्षाकर्मी र प्रशासनलाई विश्वासमा लिन नसक्ने अवस्था आयो भने अन्तरिम सरकार सुरुमा नै असफल बन्नेछ।

यी चुनौतीसँगै केही समस्या निरन्तर देखा पर्नेछन्। देशको आर्थिक स्थिति अत्यन्त कमजोर छ। विद्रोह र अस्थिरताले लगानी रोकेको छ। नयाँ सरकार बने पनि तत्कालै आर्थिक सुधार सम्भव छैन। त्यसैले विदेशी ऋण बढ्ने निश्चित छ। जेन-जी आन्दोलन सडक र सामाजिक सञ्जालमा बलियो भए पनि गाउँ तहसम्मको संगठन अझै व्यवस्थित छैन। पुराना दलसँग भने त्यस्तो बलियो संरचना छ। जसलाई जेन-जीले प्रतिस्पर्धा गर्न सक्नुपर्छ। आन्दोलनभित्र वैचारिक विविधता छ। जसलाई एकरूपता दिन सकिएन भने नेतृत्व अस्पष्ट बन्नेछ। नीति र कार्ययोजना विखण्डित हुनेछ। अन्तरिम सरकारलाई छोटो समय दिइयो भने सुधार सम्भव हुँदैन। लामो समय दिइयो भने विदेशी दबाब बढ्छ। योबीचमा सन्तुलन कायम गर्न कठिन हुनेछ। जनतालाई केवल नारा र आन्दोलनले विश्वास दिलाउन सकिँदैन, देखिने, छामिने काम गरेर मात्र विश्वास कायम हुन्छ।

यसै सन्दर्भमा बुझ्नुपर्ने कुरा के हो भने विद्रोहको उद्देश्य केवल पुरानो सत्ता ढाल्नु मात्र होइन, नयाँ सत्ता र प्रणालीलाई संस्थागत गर्नु हो। तर इतिहासले देखाएको छ– प्रत्येक आन्दोलनपछि पुराना दलहरू पुनः फर्केका छन्। २०४६, २०६२-६३, २०७२–हरेक आन्दोलनले अन्ततः पुरानै अनुहारलाई पुनः सत्ता दिएको छ। यसपटक जेन-जीले त्यो चक्र तोड्नै पर्छ। पुराना दलहरूले आफूलाई सुधार्छन् भन्ने आशा गर्नु मूर्खता मात्रै हुन्छ। उनीहरूले सदैव जनादेशलाई बेवास्ता गरी गठबन्धन र व्यक्तिगत स्वार्थलाई प्राथमिकता दिएका छन्। त्यसैले जेन-जीको स्पष्ट एजेन्डा हुनुपर्छ– कम्तीमा १० वर्ष पुराना दललाई चुनाव लड्न नदिने कानुनी व्यवस्था गर्नुपर्नेछ। यसो नगरे फेरि अर्को आन्दोलन, अर्को रक्तपात र फेरि जनतामा झैं निराशा जन्मिन्छ। जेन-जी आन्दोलनले नेपाली समाजमा नयाँ आशा जगाएको छ। तर आशा मात्र पर्याप्त छैन। स्पष्ट कार्ययोजना, सुदृढ संगठन, भ्रष्टाचार नियन्त्रणको प्रत्यक्ष पहल र अन्तरिम नागरिक सरकारमार्फत प्रभावकारी कदम चाल्न जरुरी छ। सम्भावना ठूलो छ तर चुनौती र समस्या अझ ठूलो छन्। जेन-जीले विभाजन होइन, ऐक्यबद्धता रोज्नुपर्छ। गाउँ-गाउँसम्म संगठन विस्तार गर्नुपर्छ। अन्तरिम सरकारले सानो तर शक्तिशाली टोलीमार्फत भ्रष्टाचार नियन्त्रण, सुरक्षा सामान्यीकरण र नयाँ निर्वाचनको तयारी गर्नुपर्छ। पुराना दललाई सत्ता खेलबाट अलग राख्नुपर्छ। विदेशी हस्तक्षेप रोक्न राष्ट्रिय सहमति र जनसहभागिता बढाउनुपर्छ।

यदि जेन-जीले यी चुनौतीहरू पार गर्दै सम्भावनालाई उपयोग गर्न सके भने नेपालको राजनीतिक इतिहासमा पहिलो पटक नयाँ पुस्ताले स्थिरता, विकास र विश्वासको नयाँ अध्याय सुरु गर्नेछ। अन्यथा यो आन्दोलन पनि विगतका आन्दोलन झैं निराशा र विफलताको कथा बन्नेछ।




## अन्तराष्ट्रिय समाचार

# मेड्रिड व्यापार वार्ताअघि अमेरिकी सेमिकन्डक्टर लाई लक्षित गर्दै चीनद्वारा अनुसन्धान सुरू

***ताइपेई-*** व्यापार, राष्ट्रिय सुरक्षा र सामाजिक सञ्जाल प्लेटफर्म टिकटोकको स्वामित्वसम्बन्धी विषयमा यस हप्ता स्पेनमा हुन लागेको वार्ताको पूर्वसन्ध्यामा चीनले शनिबार अमेरिकी सेमिकन्डक्टर क्षेत्रलाई लक्षित गर्दै दुई वटा अनुसन्धान सुरु गरेको छ।

चीनको वाणिज्य मन्त्रालयले अमेरिकी आयातित केही एनालग आइसी चिप्समाथि एन्टि-डम्पिङ अनुसन्धान सुरु भएको घोषणा गरेको हो।

यस अनुसन्धानले इन्टरफेस आइसी चिप्स र गेट ड्राइभर आइसी चिप्सलाई लक्षित गर्नेछ। यी चिपहरू प्रायः टेक्सास इन्स्ट्रुमेन्ट्स र अन सेमीकन्डक्टर जस्ता अमेरिकी कम्पनीहरूले उत्पादन गर्छन्।

मन्त्रालयले यससँगै चीनको चिप उद्योगविरुद्ध अमेरिकी कदमहरू भेदभावपूर्ण भएको भन्दै छुट्टै भेदभाव विरोधी जाँच पनि घोषणा गरेको छ।

यसैबीच, अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले आइतबारदेखि बुधबारबीच मेड्रिडमा चिनियाँ उपप्रधानमन्त्री हे लिफेङसँग भेटवार्ता गर्ने कार्यक्रम रहेको उनको कार्यालयले जनाएको छ।

चीनको दाबीअनुसार, अमेरिकी निर्यात प्रतिबन्ध र कर जस्ता कदमहरूले 'उन्नत कम्प्युटर चिप्स र कृत्रिम बुद्धिमत्ता (एआई) जस्ता उच्च-प्रविधि उद्योगहरूको विकासलाई नियन्त्रण र दमन गर्ने रणनीति' प्रदर्शन गर्छन्।

यो घोषणा अमेरिकाले २३ चिनियाँ कम्पनीलाई 'एकाइ सूची' मा थपेको भोलिपल्ट आएको हो।

सूचीमा परेका कम्पनीहरूले अमेरिकी राष्ट्रिय सुरक्षा र विदेश नीति हितविरुद्ध काम गरेको आरोपमा प्रतिबन्धको सामना गर्नुपर्नेछ।

तीमध्ये दुई कम्पनीलाई प्रमुख चिनियाँ चिप निर्माता एसएमआइसीका लागि चिप उत्पादन उपकरण उपलब्ध गराएको आरोप छ।

मेड्रिडमा हुने बेसेन्ट-हे बैठक व्यापार तनाव न्यूनीकरण गर्ने, उच्च कर स्थगित गर्ने र पारस्परिक समझदारी बढाउने प्रयासका रूपमा आयोजित वार्ताको अर्को चरण हुनेछ।

यसअघि दुवै पक्षबीच मे महिनामा जेनेभा, जुनमा लन्डन र जुलाईमा स्टकहोममा छलफल भएको थियो। ती वार्ताहरूले पारस्परिक करमा धेरै पटक ९०-९० दिनको अस्थायी विराम ल्याएका थिए, जसले पूर्ण व्यापार युद्ध रोक्न मद्दत गरेको हो।

बेसेन्टले स्टकहोम वार्तालाई 'धेरै परिणाममुखी' भनेका थिए। उनले भने, 'हामीले दुर्लभ खनिज तत्त्व, अर्धचालक (सेमीकन्डक्टर) वा औषधि जस्ता केही रणनीतिक उद्योगहरूसँग जोखिम कम गर्न आवश्यक छ। साथै, सम्बन्धलाई सन्तुलनमा ल्याउन हामीले संयुक्त रूपमा के गर्न सक्छौँ भन्ने विषयमा छलफल गरेका छौँ।'

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र पूर्वराष्ट्रपति जो बाइडेन दुवैले चीनलाई उन्नत सेमिकन्डक्टरमा पहुँच नदिने नीतिअनुसार चिप उत्पादन उपकरण बिक्रीमा प्रतिबन्ध लगाएका थिए।

वासिङ्टनले यो कदमलाई राष्ट्रिय सुरक्षासँग जोडे पनि चीनको भनाइमा यी प्रतिबन्धहरू यसको प्राविधिक वृद्धि रोक्न अमेरिकाले अपनाएको रणनीतिको हिस्सा हुन्। रासस

# आन्दोलनको आगोबीच चर्चित भएका ब्रिटिश ट्राभल भ्लगर

***काठमाडौं-*** काठमाडौंमा भर्खरै भड्किएको जेन-जी नेतृत्वको आन्दोलन केवल राजनीतिक मात्र थिएन, यसले विश्वभरको ध्यान खिच्यो। र, यसलाई अन्तर्राष्ट्रिय स्तरमा चर्चामा ल्याउने काम एक साधारण ब्रिटिश ट्राभल भ्लगर ह्यारी ज्याक्सनले गरे। ह्यारी ज्याक्सन, जो युट्युब च्यानलमार्फत मोटरसाइकल यात्राका रमाइला भिडियोहरू बनाउँछन्, अचानक एक 'संघर्ष संवाददाता' बने।

***यात्रा बीचमा परेको झडप***

थाइल्यान्डबाट यूके फर्कने यात्रामा रहेका उनले नेपाललाई सामान्य ट्रान्जिट जस्तो मान्दै प्रवेश गरेका थिए। तर, अचानक लागेको कर्फ्युले उनलाई राजधानीमै रोकेर हिंसात्मक भिडन्तको केन्द्रमा पुर्‍यायो।

उनको क्यामेराले देखाएको दृश्य केवल पर्यटकको अनुभव मात्र थिएन, त्यो नेपालको तत्कालीन राजनीतिक उथलपुथलको प्रत्यक्ष प्रमाण बन्यो।

भिडियोमा देखिएका दुर्लभ दृश्यहरू

उनको फुटेजमा संसद भवन वरपरको आगलागी, जलेका सवारी, अश्रुग्याँसको बाक्लो धुवाँ, प्रहरीको राइफल आकाशमा देखाएर नाचिरहेका युवाहरू र प्रहरीसँग भिडिरहेका युवा देखिन्छन्। एक क्षणमा उनले विस्मयपूर्वक भने, "संसद् जलिरहेको छ, मान्छेहरू नाचिरहेका छन्, नेपाली झण्डा फहराइरहेका छन्।"

यही कच्चापन, खोकी र धुवाँबीचको वास्तविकता, फुटेजलाई लाखौँ दर्शकसम्म पुर्‍याउन पर्याप्त भयो। ह्यारीको क्यामेराले केवल दृश्य मात्र होइन, आन्दोलनकारीहरूको आवाज पनि समात्यो। कसैले भ्रष्टाचार विरोधी नारा लगाए, अरूले संसद् जलिरहेको चिच्याए, कतिपयले राज्यले घाइते सर्वसाधारणलाई बेवास्ता गरेको आरोप लगाए।

यी आवाजहरूले भिडियोमा थप गहिरो सन्देश भरे – यो केवल दृश्यात्मक दृश्य थिएन, यो असन्तुष्टिको प्रत्यक्ष बयान थियो।

***ह्यारीको भिडियो सर्वत्र भाइरल***

ह्यारीको फुटेज छोटै समयमा अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा भाइरल भयो। "अप्रत्याशित संघर्ष संवाददाता" भनेर उनलाई सम्बोधन गरियो।

मोटरसाइकल यात्राको रमाइलो ब्लग अचानक नेपालकै राजनीतिक इतिहासको एउटा दुर्लभ अभिलेख बनेको छ।

***ह्यारीको द्विविधा***

ह्यारीले ९सेप्टेम्बर ११० बिहिबार इन्स्टाग्राम स्टोरीमार्फत भने- इन्स्टाग्राममा लेखे, "म त्यहाँ आफ्नै अनुभव कैद गर्न गएका थिएँ, रिपोर्टिङ गर्ने उद्देश्य थिएन। तर यस्तो हुने ठानिनँ।" उनले थपे, "आज मैले देखेको विश्वास गर्नै सक्दिनँ' थाइल्याण्डदेखि यूकेसम्मको मेरो दुई पांग्राको यात्रा कर्फ्यू हटेपछि फेरि सुरु हुनेछ।"

तर पछिल्ला दिनमा उनले डिपोर्ट हुने आशङ्का र कानुनी समस्याबारे चिन्ता व्यक्त गरेका छन्।

यो आन्दोलन २६ वटा सामाजिक सञ्जाल प्लेटफर्ममाथि प्रतिबन्ध र बढ्दो भ्रष्टाचार तथा शासन असफलताप्रति रोषका कारण सुरु भएको थियो। भीड बढ्दै गएपछि आन्दोलन हिंसात्मक बन्यो-सरकारी कार्यालय वरपर आगो लाग्यो, अन्ततः संसद् भवनसमेत जलेको देखियो।

सुरक्षाकर्मीहरूले अश्रुग्याँस, पानीको फोहरा, र यहाँसम्म कि गोली प्रयोग गर्दा कैयौँ मानिस घाइते र केहीको ज्यानसमेत गयो। काठमाडौंसहित विभिन्न शहरमा कडा कर्फ्यू लगाइयो। अन्ततः घटनाक्रम प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामासम्म पुग्यो, जसलाई हालका वर्षहरूकै ठूलो राजनीतिक उतारचढाव मानिएको छ।

***किन महत्त्वपूर्ण छ यो दृश्य ?***

पत्रकारहरूले तयार गर्ने योजनाबद्ध रिपोर्टभन्दा भिन्न, ह्यारीको फुटेज अस्वच्छ, असङ्गठित र जोखिमपूर्ण थियो। तर यही कारणले यो बढी शक्तिशाली भयो।

यसले देखायो-कहिलेकाहीँ इतिहास कैद गर्ने काम व्यावसायिक पत्रकारले मात्र होइन, सामान्य यात्रु वा 'ब्लगर'ले पनि गर्न सक्छ।

# विश्रामपुर........

गाउँपालिकाको सेवा हालको भवनबाट तत्काल सुरु गर्न सकिने अवस्था छैन। राजनीतिक प्रतिशोध साध्ने नियतका साथ आफ्ना विपक्षीहरुले जेनजी आन्दोलनको फाइदा उठाउँदै पालिका कार्यालयमा आक्रमण गरेको गाउँपालिका अध्यक्ष भुटोले जानकारी दिएका छन्।

जेनजी पुस्ताको नाममा नक्कली जेनजी बनेर अराजक व्यक्तिका केही समुहले सार्वजनिक सम्पत्ति तोडफोड, लुटपाट र आगजनी गरी करोडौंको क्षति पुर्‍याएको गाउँपालिका अध्यक्ष भुटोको दाबी रहेको छ।

आफूसँग प्रतिस्पर्धा गर्न नसक्ने, गाउँपालिकामा विकास हेर्न नचाहने, नगरका विकास कार्यालय पटक पटक अवरोध गर्न खोज्ने केही विकास विरोधी प्रतिक्रियावादी तत्वहरूको इशारामा पालिकामा आक्रमण गरिएको उनले बताएका छन्।

ओरिजिनल जेनजीले निजी र सार्वजनिक सम्पत्तिमा कुनै हालतमा हानि नोक्सानी पुर्‍याउन नसक्ने बताउँदै गाउँपालिका अध्यक्ष भुटोले केही नक्कली जेनजीहरुले करोडौंको सामान चोरी र लुटपाट गर्नुका साथै गाउँपालिका कार्यालयमा समेत आक्रमण गरी राजनीतिक प्रतिशोध साध्ने काम गरेको आरोप लगाएका छन्।

# निर्वाचन आयोगले सुरू गर्‍यो २१ फागुनको चुनाव तयारी

***काठमाडौं, २८ भाद्र***

प्रतिनिधिसभा विघटनपछि सरकारले तोकेको २१ फागुनको निर्वाचन मितिलाई लक्ष्य बनाएर निर्वाचन आयोगले प्रारम्भिक तयारी सुरु गरेको छ। कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीका अनुसार स्रोतसाधन सुनिश्चित भए आयोग निर्वाचन गराउन पूर्ण रूपमा तयार छ।

भण्डारीले निर्वाचनको सम्पूर्ण प्रक्रिया अगाडि बढाउन सामान्यतः कम्तीमा १२० दिन आवश्यक पर्ने जनाउँदै, आयोगले छ महिनाको अवधिमा निर्वाचन गर्न सक्ने क्षमतामा रहेको बताए।"सरकारले स्रोतसाधन जुटाउनेबित्तिकै आयोग अघि बढ्छ," आयुक्त भण्डारीले भने, "निर्वाचन प्रक्रियाअन्तर्गत व्यवस्थापन, मतदाता नामावली संकलनलगायतका कामहरू भइरहेकै छन्।"

उनका अनुसार निर्वाचन आयोगको कार्यसञ्चालनमा गृह मन्त्रालय मुख्य समन्वयकर्ता रहेकोले प्रधानमन्त्री र राष्ट्रपतिको कार्यालयबाट निर्वाचन घोषणाको पत्र आएपछि गृह मन्त्रालयमार्फत बाँकी प्रक्रिया अघि बढाइने छ।

भण्डारीले फागुन महिनामा एक तिहाइ राष्ट्रिय सभा सदस्यहरूको कार्यकाल सकिने जनाउँदै, सम्बन्धित निर्वाचन माघ दोस्रो साताभित्र गरिसक्नुपर्ने संवैधानिक आवश्यकता रहेको बताए।उनले प्रतिनिधिसभा र राष्ट्रिय सभाको निर्वाचन सङ्गसँगै गरिने तयारी आयोगको रहेको स्पष्ट पारे।


## जनहितमा जारी जरुरी सूचना

सडक हामी सबैको साझा सम्पत्ती हो। यो सम्पत्तीको प्रयोग गर्ने अधिकार हामी सबैको रहेको छ। अनि सडक, पुल, झोलुंगे पुल जस्ता भौतिक पूर्वाधारका संरचनाहरूको संरक्षण गर्नु पनि हामी सबैको दायित्व हो। करोडौको लगानीमा निर्मित यी संरचनाहरु थोरै लगानीको मर्मत संभारले धेरै समयसम्म टिकाउ र प्रयोगयोग्य रहनेछ। तपाई हाम्रै सानो सहयोग, मेहनत, प्रयास र सुचनाले महत्वपूर्ण भुमिका खेल्नेछ। त्यसैले,

-सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं।
-निर्माण सामाग्री/ब्यापारिक सामाग्री सडक तथा फुटपाथमा नराखौं।
-घर, पसल, सवारीसाधनबाट निस्कने फोहोरमैला नालीमा नफालौं।
-नालीलाई बिभिन्न निर्माणका समयमा नपुरिने गरी निर्माण कार्य गरौं। वा पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी ब्यवस्था गरौं र कार्य सकिए लगत्तै नाली सफा गरौं।
-सडकमा सवारी साधन धुने, पखाल्ने काम नगरौं।
-सानातिना पहिरो तथा अन्य कारणले नाली अवरुद्ध भएमा नालीको प्रवाहको लागि हामीले प्रयास गरौं र खेतबारीका कुलो, खानेपानीका पाइपहरू, सडक, नाली, कल्भर्टबाट प्रयोग नगरौं।
-बाढीपहिरो तथा अन्य कारणबाट सडक तथा संरचनाहरू अवरुद्ध भएमा, क्षति भएमा सम्बन्धित निकायमा तुरुन्त खबर गरौं।

पूर्वाधार विकास कार्यालय, बारा












तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ। - देवताल गाउँपालिका, बारा

# बारामा निषेधाज्ञा हटेसँगै जनजीवन पूर्ण रुपमा सामान्य

***बारा, २८ भाद्र***

जिल्ला प्रशासन कार्यालय बाराले आईतबार (भदौ २९) बिहान ६ बजेदेखि जारी निषेधाज्ञा र निषेधित क्षेत्र हटाएको छ । प्रमुख जिल्ला अधिकारी प्रकाश पौडेलका अनुसार जिल्लामा सबै प्रकारका गतिविधिहरू सुचारु भएका छन् । निषेधाज्ञा हटेसँगै जिल्लामा बन्द अवस्थामा रहेका छोटो तथा लामो दूरीका सार्वजनिक सवारीसाधन सञ्चालनमा आएका छन् भने बजार, व्यवसाय तथा अन्य सेवाहरू पनि पूर्ण रूपमा खुलेका छन् ।




यसैगरी स्थानीय तह, सरकारी कार्यालयहरू र शैक्षिक संस्था समेत आईतबारदेखि सञ्चालनमा आएको छ । जसको फलस्वरूप समग्रमा बाराको जिल्लाको जनजीवन सामान्य बनेको छ । सरकारी कार्यालय सहित बिधालयमा पठन पाठन सुचारु भएको छ। भने बजारहरुमा बाक्लो उपस्थिति रहेको छ ।

# वीरगंजको कारागारबाट भाग्न खोज्दा गोली लागेर घाइते भएका कैदीहरुको नारायणी अस्पतालमा शल्यक्रिया सम्पन्न

***बीरगंज, २८ भाद्र***

वीरगंज कारागारबाट जेन-जी आन्दोलनको निहुँमा भाग्ने प्रयास गर्दा प्रहरीको गोली लागेर गम्भीर घाइते भएका तीन जना कैदी र एक जना प्रदर्शनकारीको नारायणी अस्पतालमा सफल शल्यक्रिया गरिएको छ। घाइते कैदीहरूमा बाराका २० वर्षीय विकास जयसवाल, ३२ वर्षीय सञ्जीव शाह, र विकास लामा रहेका छन् ।



विकास जयसवालको दुवै खुट्टामा गोली लागेर अत्यधिक रक्तस्राव भएको अवस्थामा नारायणी अस्पतालको इमर्जेन्सीमा ल्याइएको थियो । उनको शल्यक्रिया वरिष्ठ सर्जन डा. एनामुल हक, डा. सुनिल प्रसाद जयसवाल, डा. इन्जमामुल हक राँकी, र एनेस्थेसियोलोजिस्ट डा. अदिति सिंहको टोलीले सफलतापूर्वक सम्पन्न गरेको छ । त्यस्तै, सञ्जीव शाहको हातका सबै औंला गोलीले भाँचिएको र विकास लामाको खुट्टामा गोली लागेको थियो । दुवैको शल्यक्रिया हाडजोर्नी रोग विशेषज्ञ डा. राकेश यादव र एनेस्थेसियोलोजिस्ट डा. भास्कर शाहको टोलीले सफलतापूर्वक सम्पन्न गरेको छ । यसैगरी, २४ भदौमा जेन-जी आन्दोलनका क्रममा घाइते भएका १६ वर्षीय प्रदर्शनकारी नवीनको हातको नसा र मांसपेशी काटिएको अवस्थामा शल्यक्रिया गरिएको छ। उनको अवस्था हाल सुधारोन्मुख रहेको अस्पताल प्रशासनले जनाएको छ।

नारायणी अस्पतालका प्रवक्ता डा. उदय नारायण सिंह र इमर्जेन्सी मेडिकल अधिकृत डा. अभिनाश श्रीवास्तवका अनुसार, आन्दोलनका क्रममा प्रदर्शनकारी, सुरक्षाकर्मी, र कैदीहरू गरी कुल २७ जना घाइतेको अस्पतालमा सफल उपचार गरिएको छ ।

अस्पताल प्रशासनले घाइतेहरूको स्वास्थ्य अवस्था स्थिर रहेको र उपचार प्रक्रिया प्रभावकारी रूपमा अघि बढिरहेको जानकारी दिएको छ । सँम्भारः यात्रा डेली

# पर्सा जिल्ला अदालतः ३० दिनका लागि सेवा प्रभावित हुने

***पर्सा, २८ भाद्र***

पर्सा जिल्ला अदालत, वीरगञ्जले ३० दिनका लागि अदालतका नियमित कामकाज प्रभावित हुने सूचना सार्वजनिक गरेको छ । अदालत प्रशासन शाखाले आइतबार एक सूचना जारी गर्दै विशेष परिस्थितिका कारण अदालतको नियमित सेवा प्रवाहमा असुविधा हुने भन्दै सम्बन्धित सबैलाई जानकारी गराइएको हो ।




सूचनामा उल्लेख भएअनुसार, सर्वोच्च अदालतको २०८२ साउन २९ गतेको आदेशअनुसार पर्सा जिल्ला अदालतमा न्यायाधीशहरूको असुविधा तथा अभावका कारण मुद्दा सुनुवाइ तथा कार्यसम्पादनमा बाधा पर्ने देखिएको छ । यसले गर्दा अदालतको काम कारबाही सुचारु हुन नसक्ने भएकाले मिति २०८२ साउन २९ गतेदेखि आगामी ३० दिनसम्म मुद्दा सम्बन्धी कार्यहरू स्थगित हुने जनाइएको छ। पश्चात सेवाग्राहीले बाटो म्याद बाहेक ३० दिनभित्र तारेख लिन सक्ने समेत जनाइएको छ । अदालतले यस अवधिभर मुद्दा पेशी तोकिएका पक्षलाई दशैं पछि उपस्थित हुन आग्रह गरेको छ। साथै, जरुरी प्रकृतिका कार्य मात्र प्राथमिकताका आधारमा सम्पन्न गरिने पनि सूचनामा उल्लेख गरिएको छ। यसबारे विस्तृत जानकारीको लागि मुद्दाका सम्बन्धित पक्षलाई सूचना ख्यालपूर्वक पढ्न पनि आग्रह गरिएको छ ।

जिल्ला अदालतले सेवाग्राहीलाई पर्न सक्ने असुविधाप्रति खेद प्रकट गर्दै, न्यायिक प्रक्रियामा कुनै प्रकारको अन्योल नहोस् भन्ने उद्देश्यले यो सूचना सार्वजनिक गरेको जनाएको छ।

**जनहितमा जारी सन्देश**

- घरेलु हिंसा, बलात्कार, कुटपिट, बोक्सी आरोपमा गाउँ निकाला, दाइजो प्रथा, बहुविवाह, बालविवाह, जबरजस्ती करणी र अन्य मानसिक तथा शारिरिक यातना, अपहेलना र धम्क्याउनेदेखि जिस्क्याउने कार्य सामाजिक तथा कानूनी अपराध हुन्।
- कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधी, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं ।
- लैङ्गिक हिंसा विरुद्धको अभियान सफल पारौं ।

ठोरी गाउँपालिका
ध्याङडाँडा, पर्सा

# रिपोटर्स क्लबमा सुदन गुरूङमाथि हातपात : उत्तेजित भाषणले पत्रकार सम्मेलनमा झडप

***काठमाण्डौं, २८ भाद्र***

रिपोटर्स क्लबमा आयोजित पत्रकार सम्मेलनमा सुदन गुरुङमाथि हातपात भएको छ। कार्यक्रमका क्रममा उनले दिएका उत्तेजक भाषण र जवाफका कारण विवाद चुलिँदा कार्यक्रम स्थलमै झडप भएको हो ।




सुदन गुरुङले सम्मेलनमा आफूविरुद्ध लगाइएको आरोपको खण्डन गर्नुको सट्टा उत्तेजक भाषण गर्दै, "अब कुनै नेतालाई घरबाट निस्कन दिइन्न" जस्ता अभिव्यक्ति दिएका थिए। उनले अझै अघि बढ्दै सुशीला कार्कीको नेतृत्वको सरकार नचलेको खण्डमा "ढाल्ने" चेतावनीसमेत दिएका थिए।

कार्यक्रममा सहभागीहरूबाट उनलाई नागरिकता, स्वतन्त्र तिब्बत अभियानसँग सम्बन्ध, र भारतीय संस्थासँगको संलग्नता सम्बन्धी प्रश्नहरू सोधिएका थिए । एक सहभागीले "७३ वर्षको व्यक्ति युवा नेतृत्व कसरी हुन सक्छ?" भनेर सोध्दा उनी झनै उत्तेजित भएका थिए। "८० वर्षमा नभएको परिवर्तन भएको छ, यही परिवर्तन हो," भन्दै उनले तीव्र स्वरमा प्रतिक्रिया दिएका थिए। आन्दोलनको क्रममा भएको आगलागीको विषयमा प्रश्न गर्दा उनले आफूले आगो नलगाएको तर "अन्त्य भनेको हो" भन्दै यो आन्दोलनको सुरुवात मात्र भएको बताएका थिए। कार्यक्रममा हातमा ब्यान्डेज बाँधेर आएका एक व्यक्तिले सहभागीलाई धकेलेर लखेटेपछि अवस्था झन् तनावग्रस्त भएको थियो । होहल्ला र धकेलाधकेल सुरु भएपछि प्रहरी टोली कार्यक्रम स्थलमा पुगेको थियो र सुदन गुरुङलाई सुरक्षित रुपमा बाहिर निकालेको थियो ।

सुदनले राष्ट्रपति निवासमा पुगेका बेला "विदेशीको पानी नखाने" भन्दै अस्वीकार गरेको प्रसंग पनि उल्लेख गरेका थिए ।

सुदनले आफू एक्लै भए पनि आन्दोलन जारी राख्ने अडान दोहोऱ्याउँदै, यस्तो आक्रामक शैली आफ्नो "स्वभाव" भएको बताएका थिए।

# बीरगंजका केही क्षेत्रमा कर्फ्यु र निषेधाज्ञा, दुई स्थान दङ्गाग्रस्त घोषणा

***बीरगंज, २८ भाद्र***

शान्ति सुरक्षालाई मध्यनजर गर्दै पर्सा जिल्ला प्रशासन कार्यालयले बीरगंजका केही क्षेत्रमा कर्फ्यु र निषेधाज्ञा जारी गरेको छ । प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीद्वारा आईतबार जारी सूचना अनुसार, दुई स्थानलाई दङ्गाग्रस्त क्षेत्रसमेत घोषणा गरिएको छ ।




जिल्ला सुरक्षा समितिको निर्णयअनुसार तोकिएका क्षेत्रमा बिहान ११ बजेदेखि राति ९ बजेसम्म निषेधाज्ञा लागू हुनेछ । यसअनुसार पाँच जनाभन्दा बढी भेला हुन, जुलुस, प्रदर्शन वा सभा गर्न अनुमति छैन । थप रूपमा, अर्को आदेश नभएसम्म हरेक रात ९ बजेदेखि बिहान ५ बजेसम्म कर्फ्यु लागू रहनेछ ।

कर्फ्यु क्षेत्र पूर्वमा बाईपास रोडसम्म, पश्चिममा सिर्सिया पुल, उत्तरमा गण्डक चोक र दक्षिणमा शंकराचार्य गेटसम्म फैलिएको छ। कर्फ्यु समयमा एम्बुलेन्स, दमकल, स्वास्थ्यकर्मी, सञ्चारकर्मी र अत्यावश्यक सेवा सवारी साधनलाई आवतजावतको अनुमति दिइने प्रशासनले जनाएको छ ।

साथै, जिल्ला सुरक्षा समितिले 'स्थानीय प्रशासन ऐन, २०२८' बमोजिम घण्टाघर चोकदेखि गण्डक चोकसम्मको राजमार्ग क्षेत्र र पर्सा कारागार कार्यालय तथा कम्पाउन्डभित्रको क्षेत्रलाई दङ्गाग्रस्त घोषित गरेको छ। प्रशासनले यी आदेश उल्लङ्घन गर्नेहरूलाई प्रचलित कानूनअनुसार कारबाही गरिने चेतावनी पनि दिएको छ।

# महान्यायाधिवक्तामा वरिष्ठ अधिवक्ता सविता भण्डारी नियुक्त

***काठमाडौं, २८ भाद्र***

राष्ट्रपति रामचन्द्र पौडेलले महान्यायाधिवक्तामा सविता भण्डारी बराललाई नियुक्त गरेका छन् । प्रधानमन्त्री सुशीला कार्कीको सिफारिसमा राष्ट्रपति पौडेलले भण्डारीलाई महान्यायाधिवक्तामा नियुक्त गरेका हुन् ।

नेपालको संविधानको धारा १५७ को उपधारा (२) बमोजिम भण्डारीलाई महान्यायाधिवक्तामा नियुक्त गरिएको राष्ट्रपति कार्यालयले जनाएको छ । वरिष्ठ अधिवक्ता भण्डारी पहिलोपटक महिला महान्यायाधिवक्ता बनेकी हुन्। केपी शर्मा ओली नेतृत्वको सरकार ढलेपछि महान्यायाधिवक्ता रमेश बडालले आइतबार राजीनामा दिएका थिए । उनको राजीनामा आएपछि प्रधानमन्त्री कार्कीले भण्डारीलाई महान्यायाधिवक्ता नियुक्त गरेकी हुन्। जेनजी अभियन्ताहरूको प्रस्तावमा कार्की प्रधानमन्त्रीमा नियुक्त भएका हुन् । राष्ट्रपति रामचन्द्र पौडेलले ६ महिनाभित्र चुनाव गराउनेगरी कार्कीलाई प्रधानमन्त्रीमा नियुक्त गरेका हुन् । अन्तरिम सरकारले फागुन २१ गते चुनावको मिति तोकेको छ ।

# रास्वपा छोडेको सुमनाको घोषणा

***काठमाडौं, २८ भाद्र***

पूर्वशिक्षामन्त्रीसमेत रहेकी सुमना श्रेष्ठले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) छाड्ने घोषणा गरेकी छिन् ।

उनले सामाजिक सञ्जालमार्फत आफ्नो धारणा सार्वजनिक गर्दै पार्टीभित्र निरन्तर भइरहेका गल्ती, नेतामुखी प्रवृत्ति र आलोचकहरूविरुद्धको 'मिडिया ट्रायल'को विरोधमा राजीनामा दिएको बताएकी छिन् ।

उनले पार्टीलाई खुलेर आक्रमण गर्न चाहनेहरूलाई सहज बनाउन आफूले बाटो खुलाइदिएकोसमेत उल्लेख गरेकी छिन्। कांग्रेस, एमालेलगायतका दलका तेस्रो पुस्ताका नेताहरूलाई सम्बोधन गर्दै उनले भनेकी छिन्, 'आजको परिस्थिति आउन तपाईंहरूको नेतृत्वको व्यहोराले हो। आफ्ना नेताहरूलाई पूजा गर्न बन्द गर्नुहोस्। कि हटाउनुहोस्, कि हट्नुहोस् ।'

***उनले लेखेकी छिन***

कहिलै गल्ती नस्विकार्ने । गल्तीमाथि गल्ती गरिरहने र त्यसको बोझ पार्टीका सबैले बोकिदिनुपर्ने । पार्टीभित्र आलोचना गर्नेहरूका विरुद्धमा मिडिया ट्रायल गर्ने । जहिलेदेखि राष्ट्रिय स्वतन्त्र पार्टीले देशभन्दा माथि पार्टी र पार्टीभन्दा माथि नेतालाई राख्न थालेको हो, त्यति वेलादेखि नै आलोचना गर्दै आएकी हुँ । तर, त्यसले कत्ति पनि फरक पारेन । अझ उल्टै मिडिया ट्रयाल हुन थाल्यो । यो स्वीकार्य छैन ।

अब खुला रूपमा आक्रमण गर्ने हो भने पनि सजिलो बनाइदिएकी छु । मनलाग्दी चलुन्जेल मनलाग्दी गर्नु होला । I QUIT. मैले पार्टी छोडें ।

कांग्रेस एमालेलगायतका पार्टीका तेस्रो पुस्ताका नेताहरू पनि यो सोच्नुहोस् । आजको दिनको परिस्थिति आउन तपाईंहरूको भन्दा बढी तपाईंहरूको नेतृत्वको व्यहोराले हो । त्यो किन बोकेर बस्नुहुन्छ ? अहिले सही समय आएको छ । आफ्ना नेताहरूलाई पूजा गर्न बन्द गर्नुहोस् । कि हटाउनुहोस्, कि हट्नुहोस् ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - सुवर्ण गाउँपालिका, बारा